आज मिति २०७५ साल आषाढ १८ गते सोमबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थितीः

| | | | | | |
|---|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री | हरिकुमार राना | अध्यक्ष | |
| २ | नगर उपप्रमुख | श्री | कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | वडाध्यक्ष | श्री | गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री | रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री | जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री | दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री | ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री | लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री | नवराम ढुङ्गाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री | गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री | पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री | बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री | भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री | लक्ष्मी तामाङ्ग | सदस्य | |
| १५ | सदस्य | श्री | हरिमाया भण्डारी | सदस्य | |
| १६ | सदस्य | श्री | शकुन्तला बराल | सदस्य | |
| १७ | सदस्य | श्री | दिलमाया शिवा | सदस्य | |
| १८ | सदस्य | श्री | दिलिप गुरुङ | सदस्य | |
| १९ | सदस्य | श्री | खिनमान दास | सदस्य | |
| २० | सदस्य | श्री | रमेशकुमार दर्जी | सदस्य | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री | राधाकृष्ण खतिवडा | सदस्य सचिव | |

आमन्त्रित

१. लेखा अधिकृत - श्री मदनकुमार पौडेल

२. खरिदार - श्री सौजन कटुवाल

मिति २०७५/०३/१८ गते बसेको बोर्ड बैठकका निर्णयहरु

१.अर्जुनधारा नगरपालिकाबाट मिति २०७५/०३/०१ गते आन्तरिक आय संकलनका लागि ठेक्का बन्दोबस्त गर्ने सुचना प्रकासन गरिएकोमा आइतबारे बजार पशु चौपाया विक्री कर र साप्ताहिक हाटबजार कर समेतमा तोकिएको म्याद भित्र रितपूर्वक मनकामना एग्रोभेट,वडा नं ३ बाट रु ३०,०१,००१/- (रु तिस लाख एक हजार एक रुपैया मात्र ) रकम कबोल गरी दरखास्त परी ठेक्का स्वीकृतीका लागि ठेक्का मूल्यांकन समितिबाट सिफारिस भई आएकाले सो ठेक्का स्वीकृत गर्ने ।साथै,बाँकी शीर्षकहरुमा उक्त म्याद भित्र कुनै दरखास्त पर्न नआएकाले साविक कै ठेक्का अंकमा पुनः सूचना प्रकाशन गरी ठेक्का आह्वान गर्ने ।

२. नगरपालिकाको स्वामित्वमा रहेका निम्न बमोजिम सवारी साधन तथा उपकरणहरुलाई अर्को व्यवस्था नहुञ्जेल निम्नानुसार भाडादर कायम गरी सञ्चालन गर्ने ।

| सि.नं. | सवारी साधन | दर | इकाइ | कैफियत |
|---|---|---|---|---|
| १ | ग्रेडर | १५,०००/- | प्रति दिन | इन्धन बाहेक |
| २ | रोलर | ११,०००/- | प्रति दिन | इन्धन बाहेक |
| ३ | पानि टेंकी | ५०००/- | प्रति दिन | इन्धन बाहेक |

३.वडा नं. ४ र ११ लाई खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने क्रममा विनियोजित रकमबाट अपुग भई बढि खर्च भएको रकम क्रमशः रु ६६,५००/- (छैसट्ठी हजार पाँच सय मात्र)र रु १,१८,०००/-(रु एक लाख अठार हजार मात्र ) को खर्च भुक्तानी दिने ।

४. वडा नं. ९ स्थित रेखा खोलामा पुल कलभर्ट निर्माणका लागि क्रमागत बहुवर्षिय आयोजनाका रुपमा आगामी आर्थिक वर्षमा व्यहोर्ने गरी रु २५ लाख विनियोजन भएकामा सो आयोजना पुरा भईसकेको र सो रकम चालु आर्थिक वर्षकै बचत रकमबाट भुक्तानी दिन पुग्ने देखिएकाले सो रकम सापटी स्वरुप भुक्तानी दिने ।

५. वडा नं. १० बरपिपल चौकमा रहेको विद्युत ट्रान्सफर्मरमा क्षति पुगी विद्युत सेवामा अवरोध पुगेकाले ट्रान्सफर्मर खरिद गर्न उपभोक्ताहरु बाट समेत रकम संकलन गरी नगरपालिका समक्ष रु १ लाख पचास हजार माग भई आएकामा सो स्थानमा ट्रान्सफर्मर खरिद तथा जडानका लागि रु १ लाख मात्र रकम उपलब्ध गराउने ।

६.अर्जुनधारा नगरपालिकाको गैर सरकारी संस्था परिचालन तथा समन्वय निर्देशिका, २०७५ स्वीकृत गरी लागू गर्ने ।

७.वडा नं. ५ स्थित श्री भानु उच्च माध्यमिक विद्यालयमा प्राविधिक विषयमा कक्षा ११ र १२ सञ्चालनका लागि सम्बन्धन माग भई आएकामा नियमानुसार सञ्चालन हुने गरी सम्बन्धन अनुमति प्रदान र

वडा १ स्थित श्री सिंहदेवी मा वि मा कक्षा ११ सम्म कक्षा सञ्चालन भई कक्षा १२ को कक्षा थपका लागि माग भई आएकाले सो विद्यालयमा कक्षा १२ सञ्चालनका लागि अनुमति प्रदान गर्ने ।

८.निम्न बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने ।

| सि.नं. | विवरण | रकम(रु) |
|---|---|---|
| १. | स्वामी कमल नयन महाराज मेची काली यात्रा सहयोग | १५,०००/- |
| २. | करिम खान,वडा नं. ८ ,औषधोपचार सहयोग | २०,०००/- |
| ३. | वडा नं. ३ ,गणेश खनाल प्रकोप व्यवस्थापन खर्च | १०,०००/- |
| ४. | वडा नं. ११,हरि माझीको घर छेउ सडकमा बालुवा भर्न | १५,०००/- |
| ५ | वडा नं ५ विवेक राजवंशी औषधोपचार सहयोग | १०,०००/- |
| ६ | वडा नं. १० बुद्ध तामांग औषधोपचार सहयोग | १०,०००/- |
| ७ | कोमलहरी निरौला,वडा नं. १० औषधोपचार सहयोग | १०,०००/- |

९.यस नगरपालिका भित्र रहेका विभिन्न संघ संस्था ,पसल व्यवसाय,श्रमिक मजुदर,पेशाकर्मी आदिका विशिष्टिकृत विवरण संकलन गरी सूचिकृत हुन आह्वान गरी सूचिकरणका लागि आवश्यक व्यवस्था मिलाउने ।